# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको

## प्लाष्टिक बोरा खरिद सम्बन्धी गोप्य शिलवन्दी बोलपत्र आह्वानको सूचना

**प्रकाशित मिति २०७७।१०।१५**

यस कम्पनीका तपशिलका कार्यालयहरुको लागी प्लाष्टिकको बोरा खरीद गर्नु पर्ने भएकोले स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर, (VAT) मा दर्ता भएका इच्छुक फर्म, संस्था वा कम्पनीबाट तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही रितपूर्वकको गोप्य शिलवन्दी बोलपत्र आव्हान गरिएको छ। कम्पनीले खरिद गर्ने बोराको किसिम, तौल, आकार, क्षमता, बुझाउनु पर्ने स्थान, परिमाण, धरौटी रकम, बोलपत्र दस्तुर, बोलपत्र खरिद गर्ने र खोल्ने मिति तपसिल बमोजिम रहेको छ।

तपशिल

| क्र. सं | बोराको किसिम र विवरण | बोरा बुझाउने कार्यालय | खरिद गरिने बोराको परिमाण थान |
|---|---|---|---|
| १. | ३० के.जी क्षमताको १९"×३१" आकारको GSM ७० ग्राम (±३ ग्राम) तौल भएको राम्रोसंग बुनेको र नफाटेको रातो/सेतो कलरमा एकतर्फ लेमिनेटेड प्रिन्टेड भर्जिन प्लाष्टिकको नयाँ बोरा | प्रादेशिक कार्यालय जनकपुर (सोना मंसुली चामलको लागि) | ३३००० |
| | | मुख्य शाखा कार्यालय राजापुर (अरुवा मोटा/मकवानपर चामलको लागि) | ९०००० |
| २. | २० के.जी क्षमताको १८"×२७" आकारको GSM ६५ ग्राम (±३ ग्राम) तौल भएको, एकतर्फ लेमिनेटेड भर्जिन बोरामा दुबै तर्फ डिजिटल प्रिन्टको प्लाष्टिकको नयाँ बोरा(One Side laminated polypropylene/BOPP woven bag with both outer side Multiple Digital Print and Transparent on both Adjacent side). | प्रादेशिक कार्यालय जनकपुर (बास्मती चामलको लागि) | ५००० |
| ३. | १० के.जी क्षमताको १५"×२०" आकारको GSM ६५ ग्राम (±३ ग्राम) तौल भएको बोरामा दुबै तर्फ सिलाई गरिएको झुण्ड्याउने वेल्ट सहित भएको एकतर्फ लेमिनेटेड भर्जिन बोरा दुवै तर्फ डिजिटल प्रिन्टको प्लाष्टिकको नयाँ बोरा(One Side laminated polypropylene/BOPP woven bag with both outer side Multiple Digital Print and Transparent on both Adjacent side). | प्रादेशिक कार्यालय जनकपुर (बास्मती चामलको लागि) | ५००० |

**नोटः-**

१. कम्पनीको प्रधान कार्यालय खरिद एकाई काठमाडौं र बोरा बुझाउने कार्यालयहरुबाट फिर्ता नहुने गरी रु.३०००/- दाखिला गरी मिति २०७७।११।१४ गते सम्म बोलपत्र फाराम र सो सम्वन्धी कागजात सेट खरीद गर्न सकिनेछ।

२. बोलपत्रदाताले बोलपत्रसाथ तोकिए बमोजिमको धरौटी रकम वापत रु ८४,०००।– यस कम्पनीको बैंक खातामा जम्मा गरेको सक्कलै भौचर वा "क" वर्गको वाणिज्य बैंकबाट **खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको** नाममा जारी भएको नियमानुसारको ४ महिना अवधिको बैंक जमानीपत्र पेश गर्नु पर्नेछ।

३. २०७७।११।१६ गते १२:०० बजे भित्र खरिद एकाई प्रधान कार्यालय काठमाडौंमा बोलपत्र दर्ता गरिसक्नु पर्नेछ। सोही दिन २:०० बजे प्रधान कार्यालय काठमाडौंमा नियमानुसार बोलपत्र खोलिने छ।

४. बोलपत्रदाताले बोराको रकम कबुल गर्दा भ्याट सहित नियमानुसार लाग्ने कर, ढुवानी भाडा, लोड अनलोड आदि खर्च समावेश गरी मूल्य कबोल गर्नु पर्ने छ। बोलपत्रको खाम वाहिर **"बोरा खरिद सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र"** भन्ने उल्लेख गरी तोकिएका सबै कागजात बोलपत्रसाथ संलग्न राखी खाम शिलवन्दी गरी पेश गर्नु पर्नेछ।

५. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन माथि उल्लेखित समयमा उक्त कार्य हुनेछ।

६. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको १५ दिन भित्र नियमानुसारको बैंक कार्य सम्पादन जमानत पेश गरी बोरा खरीद/बिक्री सम्झौता गर्नु पर्ने छ।

७. प्लाष्टिक बोराको कुल संख्याको एकमुष्ट मुल्यांकन गरी न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्र स्वीकृतीको लागि छनौट गरिने छ। बोराको परिमाण थपघट गर्न सकिने छ।

८. बोलपत्र मान्य हुने अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि ९० दिनको हुनेछ। बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा सुरक्षित रहनेछ।

९. बोलपत्र सम्वन्धी शर्तहरु यो सूचना र बोलपत्र कागजातमा उल्लेखित भए जति सोही बमोजिम र अन्य सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

खरिद एकाई, प्रधान कार्यालय, काठमाडौं, फोन नं ०१(४२५५८६५, website: www.fmtc.org.np